सर्वोच्च अदालत, पूर्ण इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.

माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

आदेश

०७५-WF-०००४

विषयः उत्प्रेषण परमादेश ।

ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स वडा नं. २ बस्ने दशवीर भास्कर (महर्जन) को नाति चन्द्रगोविन्द महर्जनको छोरा श्याम महर्जन.............................................१ निवेदक

विरुद्ध

गुठी संस्थान शाखा कार्यालय, तःबहाल ललितपुर .........................................१ -विपक्षी

कार्यालय प्रमुख, गुठी संस्थान शाखा कार्यालय, तःवहाल ललितपुर .....................१

नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) बमोजिम पेश भएको प्रस्तुत रिट निवेदनमा यस अदालतको संयुक्त इजलासबाट सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२) बमोजिम पूर्ण इजलाससमक्ष पेश भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

१. ललितपुर जिल्ला हरिसिद्धि गा.बि.स. वडा नं. ७(ख) कि.नं. ३६ को ५-९-०-० जग्गाको मोही महलमा म निवेदकका बाजे दशवीर भास्कर भन्ने दशवीर महर्जनको नाम उल्लेख भई २ नं. अनुसूचीमासमेत मोहीमा जनिएको र जग्गाधनी हरिसिद्धि भवानी गुठी कायम भएकोमा बाजेले आफु जीवित रहँदासम्म जोतकमोत गरी भवानी गुठीलाई प्रत्येक वर्षको बाली तिरी आउनु भएको थियो। उल्लेखित जग्गाधनी हरिसिद्धि भवानी भएको र मोही मेरो बाजे दशवीर महर्जन भई बाजे दशवीरले नै उक्त जग्गा जोतकमोत गरी आएकोमा बाजे दशवीर महर्जनको २०३४ साल वैशाखमा तथा बज्यै मानथंकुको मिति २०३० सालमा र म निवेदकका बाबु चन्द्रगोविन्द महर्जनको मिति २०३५/८/१५ मा आ-आफ्नो कालगतिले परलोक भइसकेको र हाल उक्त जग्गा म निवेदकले जोतकमोत गरी आएको हुँदा उक्त जग्गाको मोहियानी हक नामसारी गरी

पाँऊ भनी मिति २०६५।३।१० मा निवेदन दिएकोमा गुठी संस्थान, शाखा कार्यालय,
त:बहाल ललितपुरले मिति २०६५।४।८ मा मोहियानी हक नामसारी गर्न नमिल्ने गुठी
संस्थान ऐनको २७(क) आकर्षित हुने भनी निर्णय गरेको रहेछ। सो निर्णयको जानकारी मलाई
मिति २०६५।४।८ मा गुठी संस्थान, शाखा कार्यालय ललितपुरले पत्र पठाएपछि मात्र थाहा
जानकारी भएको र गुठी संस्थान शाखा कार्यालय, ललितपुरको उल्लेखित निर्णयले मेरो
नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ बमोजिमको समानताको हक, धारा १९
द्वारा प्रदत्त सम्पत्ति सम्बन्धि हकमा गम्भिर आघात पर्न गएकोले उक्त गुठी संस्थान ऐन
२०३३ को दफा २७(क) बमोजिमको संस्थानको निर्णय उपर अन्य कुनै वैकल्पिक उपचारको
व्यवस्थासमेत नभएको र अ.व. ३५ नं बमोजिम उक्त निर्णय अधिकारक्षेत्र (Jurisdiction) समेत
गुठी संस्थान, शाखा कार्यालयलाई नभएको हुँदा ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं.
७(ख) कि.नं. ३६ को ५-९-०-० जग्गा साविकदेखि बाजे दशवीर भास्कर (महर्जन) ले
जोतभोग गरी आई जग्गाधनी हरिसिद्धि भवानी गुठीलाई वाली बुझाई आएको अवस्था रहेको,
फिल्डवुक र २ नं. अनुसूचीमा समेत जोताहामा बाजेकै नाम उल्लेख रहेको हुँदा साविक मोही
दशवीर भास्कर (महर्जन) भएको स्पष्ट रहेकोले बाजेको परलोक पश्चात उक्त जग्गामा म
निवेदकको मोहीयानी हक स्पष्ट रहेको हुँदा गुठी संस्थान, शाखा कार्यालय ललितपुरको मिति
२०६५/४/८ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी म निवदेकका नाउँमा मोहीयानी
हक नामसारी गरिदिनु भनी नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२ र १०७(२)
बमोजिम उत्प्रेषण, परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाऊँ भन्नेसमेत
व्यहोराको रिट निवेदन ।

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? यो
आदेश प्राप्त भएका मितिले बाटाको म्याद बाहेक १५ दिन भित्र आफ्नो कानून बमोजिमको
प्रतिनिधिद्वारा लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एक प्रति नक्कल साथै राखि विपक्षीहरु
गुठी संस्थान शाखा कार्यालय त:बहाल, ललितपुर समेतलाई सूचना पठाई दिनु। विपक्षीहरुबाट
लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति
२०६५।५।१० को आदेश।

यसमा गुठी संस्थानको मिति २०६५।४।८ को निर्णयको सक्कल फायल मगाई आएपछि नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०६९।५।२५ को आदेश।

४. ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. ७(ख) कि.नं. ३६ को ५-९-०-० को जग्गा गुठी संस्थान अन्तर्गतको हरिसिद्धि भवानी गुठीको खान्गी जग्गा हो। उक्त जग्गाको जोताहा मोही हक नामसारी गरी पाऊँ भनि विपक्षी रिट निवेदकले यस कार्यालयमा निवेदन दिनु भएकोमा यस कार्यालयबाट मिति २०६५।४।८ मा साबिक मोही श्रीका गण भएको कारण गुठी संस्थान ऐन, २०३३ को दफा २७ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) आकर्षित हुने देखिदा उक्त कित्ता जग्गा गुठी तैनाथिमा मात्र दर्ता गर्न सकिने र निवेदकको माग बमोजिम नामसारी गर्न नमिल्ने ब्यहोरा निवेदकलाई जानकारी दिई मिसिल तामेलीमा राख्ने भनी निर्णय भएको हो। यस कार्यालयबाट भएको उक्त निर्णय कानूनसम्मत छ। उक्त निर्णय बदर हुन सक्ने कुनै आधार र कारण नै छैन। कानूनतः सक्षम निंकायले आफ्नो अधिकारक्षेत्र भित्र रही कानूनबमोजिम गरेको निर्णयउपर रिट गर्न विपक्षीलाई अ.वं.८२ नं. अन्तर्गतको हकदैया नै छैन। कारवाहीमा आएको विवादित जग्गा गुठी संस्थान ऐन, २०३३ को दफा २७(क) बमोजिमको जग्गा हो। विपक्षी उक्त गुठीका खान्गीदार हुन्। राजगुठीको खान्गी जग्गामा खान्गीदार मोही कायम हुन सक्दैन। गुठीमा श्रीका गण भई तोकिएको कार्य गरी भोगचलन गरी आयस्थासम्म खान पाउने विपक्षीले मोही हकको दाबी गर्न हकदैया समेतको अभावले मिल्दैन। यस कार्यालयले आफ्नो क्षेत्राधिकारभित्रै रही गरेको निर्णयमा कुनै दोषको विध्यमानता छैन। यस कार्यालयको निर्णय बदर हुनसक्ने कुनै आधार कारण नभएकोले विपक्षीको निराधार रिट निवेदन खारेज गरीपाऊँ भन्नेसमेत व्यहोराको गुठी संस्थान शाखा कार्यालय ललितपुर र आफ्नो हकमासमेत ऐ. कार्यालयका कार्यालय प्रमुखको मिति २०६५।७।२० को लिखित जवाफ।

५. यसमा गुठी संस्थान शाखा कार्यालय, ललितपुरको मिति २०६५।४।८ को निर्णयमा दशवीर भास्कर श्रीका गण भएको भन्ने उल्लेख भएको र सोको प्रमाण मिसिल साथ नदेखिएकोले सोको भएको लगत/प्रमाण सम्बन्धित गुठी संस्थानबाट झिकाई नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०७०।१।३१ को आदेश।

यसमा सर्वोच्च अदालत बुलेटिन २०६६, पूर्णाङ्क ४१४, पृष्ठ ८ मा उल्लेखित मिति २०६६।१।८ मा फैसला भएको २०६३ सालको दे.पु.नं. १००७७ को रामबहादुर बस्नेत विरुद्ध ज्ञानबहादुर कपालीसमेत भएको निर्णयसमेत दर्ता बदर मुद्दाको मिसिल साथै राखी नियमानुसार गरी पेश गर्नुहोला भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७३।११।२२ को आदेश।

७. यसमा गुठी जग्गामा मोही हक कायम हुने वा नहुने सन्दर्भमा गुठी संस्थान ऐन, २०३३ को दफा २७ को व्याख्या भई यस अदालतबाट सिद्धान्त कायम भएको र त्यस्ता सिद्धान्तहरुमा अझै पनि एकरुपता कायम हुन नसकेको केही तथ्यहरु बहसको क्रममा प्रस्तुत हुन आएको पाइयो। यस दृष्टिले हेर्दा यस अदालतबाट भएका पूर्व फैसलाहरु अनुसार कायम भएका समग्र नजिर सिद्धान्तहरुलाई समेत दृष्टिगत गरी विवादको निरोपण हुनु मनासिब देखियो। तसर्थ रिट निवेदन जिकिर, निरोपण गर्नुपर्ने कानूनी प्रश्नहरुलाई मध्यनजर राखी तथ्यगत विवरण अनुसार सान्दर्भिक नजिर सिद्धान्तहरु समेत उल्लेख गरी निवेदक तथा विपक्षी गुठी संस्थान तर्फका विद्धान कानून व्यवसायीबाट एक महिना भित्र लिखित बहस नोट पेश गर्न लगाई नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०७४।७।६ को आदेश।

८. यसमा ललितपुर जिल्ला हरिसिद्दि गा.वि.स. वडा नं. ७(ख) कि.नं. ३६ को ५-९-०-० जग्गा साविकदेखि बाजे दशवीर भास्कर (महर्जन) ले जोतकमोद गरी आई जग्गाधनी हरिसिद्धि भवानी गुठीलाई बाली बुझाई आएको, फिल्डबुक र २ नं. अनुसूचीमा समेत जोताहामा बाजेकै नाम उल्लेख भएको अवस्था हुँदा साविक मोही दशवीर भास्कर (महर्जन) भएको स्पष्ट रहेकोले बाजेको परलोकपश्चात उक्त जग्गामा म निवेदकको मोहीयानी हक रहेको हुँदा गुठी संस्थान, शाखा कार्यालय, ललितपुरको मिति २०६५।४।८ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी म निवेदकको नाममा मोहीयानी हक नामसारी गरी दिनू भनी विपक्षीको नाममा परमादेशको आदेश जारी गरी पाऊँ भन्ने निवेदन दावी रहेको देखियो।

९. हरिसिद्दि भवानी गुठीको जग्गाको मोही नामसारीको सम्बन्धमा निवेदक राममुकुन्द महर्जन विपक्षी साविक गुठी संस्थान ललितपुर गुठी तहसिल तथा खर्च कार्यालयको हाल गुठी संस्थान, शाखा कार्यालय, ललितपुरसमेत भएको सम्वत् २०६१ सालको ३६२४ नं. को उत्प्रेषण रीट निवेदनमा विवादित कि.नं. १७६, ५, २५ र ८२ को जग्गाको मोही यी निवेदकका पिता

कृष्णबहादुर महर्जन रहेकोमा मिति २०४८।९।१० मा निज कृष्णबहादुरको मृत्यु भएकोमा सोपश्चात निजको छोरा यी निवेदकले मोही नामसारीको लागि दिएको निवेदनमा कारबाही हुँदैजाँदा गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०६०।१०।२१ को निर्णय र सो निर्णयका आधारमा गुठी संस्थान शाखा कार्यालय, ललितपुरले नामसारी गर्ने गरी मिति २०६०।११।१ मा गरेको निर्णय र सोही निर्णयको आधारमा मालपोत कार्यालय, ललितपुरले मिति २०६०।११।१५ मा निवेदक राममुकुन्द महर्जनले श्री हरिसिद्धि भवानीको च्याभुले भई तोकिएको निश्चित काम गरेसम्म जोतभोगसम्म गर्न पाउने खान्गी जग्गा जनाई दिनू भन्ने निर्णय तथा सोसँग सम्बन्धित पत्राचार लगायतका काम कारबाहीहरु गुठी संस्थान ऐन, २०३३ को दफा २७ को कानूनी व्यवस्था प्रतिकूल देखिएकोलें उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। निवेदन माग बमोजिम निवेदकको नाममा मोही नामसारी गरी कानूनबमोजिम जग्गाधनी प्रमाणपुर्जा बनाई दिनू भनी प्रत्यर्थी गुठी संस्थान केन्द्रीय कार्यालय, समेतका नाममा परमादेशको आदेश जारी हुने ठहऱ्याई यस अदालतको संयुक्त इजलासबाट मिति २०६६।६।२७ मा फैसला भएको छ। पुनरावेदक गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाण्डौंको तर्फबाट ऐ. का प्रशासक सेमन्तराज चापागाई विपक्षी माया महर्जन समेत भएको ०६७-CI-०१३० नं. को फैसला बदर हक कायम मुद्दामा विवादित जग्गामा मोही कायम भइरहेको र सो बदरतर्फ विवाद नपरी मोहीको लगत कट्टा नभई कायमै रहेको स्थितिमा उक्त विवादित जग्गा गुठी संस्थान ऐन, २०३३ को दफा २७(क) बमोजिम मोही हुन सक्ने नै हुँदा अंश मुद्दामा अदालतबाट भएका फैसला बदर गरी पाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ठहर गरी सुरु ललितपुर जिल्ला अदालतबाट मिति २०६२।१।२० मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६२।१२।३ को फैसला मिलेकै देखिंदा सदर हुने ठहऱ्याई यस अदालतको संयुक्त इजलासबाट, मिति २०७३।११।८ मा फैसला भएको छ। त्यसैगरी पुनरावेदक गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाण्डौंको तर्फबाट ऐ. का नि. प्रशासक हेमराज सुवेदी विपक्षी प्रेमबहादुर महर्जनसमेत भएको ०६८-CI-१५५१ नं. को मोही नामसारीसमेत मुद्दामा खान्गीको रुपमा जोती कमोद गरी आएको विवादित कि.नं. १३४ र १३५ को जग्गाको केवल फिल्डबुक तथा श्रेष्ताको मोही महलमा नाम उल्लेख हुँदैमा मोही नै हो भन्न मिल्ने अवस्था नदेखिएको हुँदा गुठी संस्थानबाट मिति

२०६८।१।५ मा भएको निर्णय मिलेकै देखिएको अवस्थामा उक्त जग्गामा प्रत्यर्थी वादीहरुले दिएको निवेदनबाट मोही हकको प्रश्न निहित रहेको भन्ने अर्थ गरी भुमि सुधार कार्यालयमा पठाउने भनी उक्त गुठी संस्थानको निर्णय उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१२।६ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई गुठी संस्थानको मिति २०६८।१।५ को निर्णय सदर हुने ठहऱ्याई यस अदालतबाट मिति २०७४।५।११ मा भएको देखियो ।

१०. अतः माथि उल्लेखित यस अदालतको संयुक्त इजलासबाट भएका फैसलामा हरिसिद्धि भवानी गुठीको जग्गाको मोही नामसारी सम्बन्धी विषयमा फरक फरक निर्णय भएको देखिएकोले प्रस्तुत विवादमा पनि हरिसिद्धि गुठीको जग्गामा मोही कायम हुन सक्ने हो वा होइन भन्ने विषय समावेश भएको र यस अदालतका संयुक्त इजलासबाट मोही कायम हुन सक्ने र नसक्ने भनी फरक फरक निर्णय भएको देखिँदा कानूनको व्याख्यामा एकरुपता कायम गर्नको लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ख) बमोजिम प्रस्तुत रिट निवेदन पूर्ण इजलासमा पेश गर्नु भन्ने यस अदालतको मिति २०७५।१२।५ को आदेश ।

## आदेश खण्ड

११. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदन सहितको मिसिल कागजात अध्ययन गरियो।

१२. निवेदकका तर्फबाट विद्वान् वरिष्ठ अधिबक्ता डा.श्री चन्द्रकान्त ज्ञवाली विद्वान् अधिवक्ताहरु श्री विमल ज्ञवाली, श्री लिलाधर उपाध्याय र श्री राजेन्द्र महर्जनले ललितपुर जिल्ला हरिसिद्धि गा.बि.स. वडा नं. ७(ख) कि.नं.३६ को ५-९-०-० जग्गा साबिकदेखि बाजे दशवीर भास्कर (महर्जन) ले जोतकमोत गरी आई जग्गाधनी हरिसिद्धि भवानी गुठीलाई बाली बुझाई आएको अवस्था हो। उक्त जग्गाको फिल्डबुक र २ नं. अनुसुचीमा समेत जोताहामा बाजेकै नाम उल्लेख रहेको र बाजे, बज्यै र बाबुको परलोक भैसकेपश्चात निवेदकले जोतकमोत गरी आएकोमा उक्त जग्गाको मोहीयानी हक निवेदकको नाउँमा नामसारी गर्न गुठी संस्थान शाखा कार्यालय ललितपुरमा निवेदन दिएकोमा निवेदकको मागबमोजिम नामसारी गर्न नमिल्ने भनि निर्णय भएको छ। उक्त कि.नं. का जग्गामा नापी हुँदा दशवीर भाष्कर (महर्जन) का नाँऊमा जोत जनिई नापनक्सा भएकोमा निज परलोकपश्चात निजको शेषपछिको हकदार निवेदक भई

उक्त कि.नंको जग्गामा निवेदकको मोहीयानी हक रहेको हुँदा मिति २०४९।१०।५ मा मात्र संशोधन भै लागु भएको गुठी संस्थान ऐन, २०३३ को दफा २७(क) को जन्म हुनुपुर्व नै दफा २७ बमोजिम मोहीयानी हक प्राप्त गरीसकेको व्यक्तिको मोहीयानी हकलाई उल्लेखित संशोधित दफाले भुतलक्षित प्रभाव पारी निस्तेज वा शुन्यमा परिणत गर्ने स्थिति नरहेकोले गुठी संस्थान, शाखा कार्यालय ललितपुरको मिति २०६५/४/८ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकको नाउँमा मोहीयानी हक नामसारी गरिदिनु भन्ने परमादेश समेत जारी गरीपाऊँ भनी बहस प्रस्तुत गर्नुभयो।

१३. प्रत्यर्थीहरुको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री ज्ञानेन्द्र प्रसाद पोखरेलले ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. ७(ख) कि.नं. ३६ को ५-९-०-० को जग्गा गुठी संस्थान अन्तर्गतको हरिसिद्धि भवानी गुठीको खान्गी जग्गा हो। विपक्षी उक्त गुठीका खान्गीदार हुन्। राजगुठीको खान्गी जग्गामा खान्गीदार मोही कायम हुन सक्दैन। गुठीमा श्रीका गण भई तोकिएको कार्य गरी भोगचलन गरी आयस्थासम्म खान पाउने बिपक्षीले मोही हकको दाबी गर्ने हकदैयासमेत रहदैन। गुठी खान्गी जग्गा गुठी अधिनस्थको रुपमा दर्ता भएकोमा साविक बमोजिम गुठी नै कायम गर्न सक्ने अधिकार गुठी संस्थानका प्रशासकमा निहित रहेको छ। गुठी संस्थान, शाखा कार्यालय ललितपुरले मिति २०६५/४/८ मा गरेको निर्णयमा कार्यालयले गुठी तैनाथीमा दर्ता गर्ने भन्ने समेत उल्लेख गरेको छ। एक किसिमको गुठी जग्गा अर्को किसिममा दर्ता भएमा जहिलेसुकै बदर गरी साविक बमोजिम कायम गर्ने अधिकार गुठी संस्थान ऐन,२०३३ को दफा ३९ ले गरेको छ। गुठी खान्गी जग्गा सम्बन्धित गुठीको नाउँमा एकलौटी तैनाथीको रुपमा दर्ता हुनु पर्नेमा विपक्षीका बाजे मोही जनिई अधिनस्थ तर्फ दर्ता हुन गएको हुँदा सो तर्फ बदर गरी तैनाथी नै कायम गर्ने अधिकार संस्थानमा निहित छ। गुठी संस्थान ऐन, २०३३ को दफा ३(२) अनुसार गुठी संस्थान उपर पनि व्यक्ति सरह नालेस लाग्न सक्ने कानूनी व्यवस्था गरेको हुँदा गुठी कार्यालयको निर्णयबाट विपक्षीको हकहितमा असर परेको भए जिल्ला अदालतमा निर्णय बदरमा नालेस गर्न सक्ने कानूनी व्यवस्था रहेको हुँदा जिल्ला अदालतमा फिराद गर्न जानुपर्नेमा बैकल्पिक उपचारको मार्ग हुँदाहुँदै रिट क्षेत्रमा प्रवेश गरेको हुँदा हकदैया बिहिन गैरकानूनी दाबी लिई दायर भएको रिट निवेदन खारेज गरीपाऊँ भनी बहस प्रस्तुत गर्नुभयो।

१४. मिसिल संलग्न निवेदन एवं लिखित जवाफ तथा उपरोक्तानुसारको बहस जिकिर सुनी विचार गर्दा प्रस्तुत रिट निवेदनमा निम्न प्रश्नमा निर्णय दिनु पर्ने देखियो।

क) निवेदकका बाजे दशवीर भास्कर दावीको राजगुठीको जग्गामा मोही हुन् वा गुठीयार खान्गीदार हुन ? राजगुठी जग्गाको गुठीयार खान्गीदार स्वत: मोही कायम हुने हो वा होइन?

ख) गुठी संस्थान शाखा कार्यालय ललितपुरको मिति २०६५।४।८ को निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवेदन मागबमोजिम मोहियानी हक नामसारी गर्न प्रत्यर्थीहरुका नाउँमा आदेश जारी हुनुपर्ने हो वा होईन?

१५. <u>निवेदकका बाजे दशवीर भास्कर दावीको राजगुठीको जग्गामा मोही हुन् वा गुठीयार खान्गीदार हुन?</u> भन्ने पहिलो प्रश्नतर्फ बिचार गर्दा, निवेदकको बाजे दशवीर भाष्कर भन्ने दशवीर महर्जनको नाममा मोही जनिई मैले जोतकमोद गरी आएको जग्गाधनी हरिसिद्धि भवानी गुठीको ललितपुर जिल्ला हरिसिद्धि गा.बि.स. वडा नं.७ (ख) कि.नं.३६ को ५-९-०-० जग्गाको मोहीयानी हक नामसारी गरी पाऊँ भनी निवेदन दिएकोमा विपक्षी गुठी संस्थान शाखा कार्यालय ललितपुरले मिति २०६५।४।८ मा उक्त जग्गाको साविक मोही श्रीका गण भएकोले गुठी संस्थान ऐन, २०३३ को दफा २७(क) आकर्षित हुने देखिँदा उक्त जग्गा गुठी तैनाथीमा दर्ता हुने हुँदा निवेदकको मागबमोजिम नामसारी गर्न नमिल्ने भनि निर्णय गरेको हुँदा विपक्षी कार्यालयबाट भएको उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकको नाउँमा मोहीयानी हक नामसारी गरी दिनू भन्ने परमादेशसमेत जारी गरीपाऊँ भन्ने निवेदन दावी देखियो। ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. ७(ख) कि.नं. ३६ को ५-९-०-० को जग्गा गुठी संस्थान अन्तर्गतको हरिसिद्धि भवानी गुठीको खान्गी जग्गा हो। विपक्षी उक्त गुठीका खान्गीदार हुन्। राजगुठीको खान्गी जग्गामा खान्गीदार मोही कायम हुन सक्दैन। गुठीमा श्रीका गण भई तोकिएको कार्य गरी भोगचलन गरी आयस्थासम्म खान पाउने बिपक्षीले मोही हकको दाबी गर्ने हकदैयासमेत रहदैंन। उक्त जग्गाको जोताहा मोही हक नामसारी गरी पाऊँ भनी विपक्षी रिट निवेदकले यस कार्यालयमा निवेदन दिनु भएकोमा यस कार्यालयबाट मिति २०६५।४।८ मा साबिक मोही श्रीका गण भएको कारण गुठी संस्थान ऐन, २०३३ को दफा २७ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) आकर्षित हुने देखिँदा उक्त कित्ता जग्गा गुठी तैनाथीमा

मात्र दर्ता गर्ने र निवेदकको मागबमोजिम नामसारी गर्न नमिल्ने गरी मसी भएको निर्णय कानूनसम्मत रहेको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्नेसमेत व्यहोराको लिखित जवाफ रहेको देखियो।

१६. विवादित ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. ७(ख) कि.नं. ३६ को ५-९-०-० को जग्गाको मोही महलमा दशवीर भास्कर मोही उल्लेख भएको र बाजे बाबु समेतको परलोक भैसकेको भनी निवेदक आफुले जोतकमोत गरेकोले उक्त जग्गामा मोहियानी हक नामसारी गरी पाउन मिति २०६५।३।१० मा निवेदन दिएको देखिन्छ। उक्त निवेदन उपर कारबाही हुँदा दावीको जग्गाको साविक मोही श्रीका गण भएको कारण गुठी संस्थान ऐन, २०३३ को दफा २७(क) आकर्षित हुने देखिंदा उक्त कित्ता जग्गा गुठी तैनाथीमा मात्र दर्ता हुने हुँदा निवेदकको मागबमोजिम नामसारी गर्न नमिल्ने व्यहोरा निवेदकलाई जानकारी दिई मिसिल तामेलीमा राखिदिने गरी गुठी संस्थानबाट मिति २०६५।४।८ निर्णय भएको पाईयो।

१७. राजगुठी जग्गा भएको तथ्यमा निवेदकको अन्यथा भनाई देखिदैंन। गुठी संस्थानको हक दायित्व भई गुठी संस्थानले वन्दोवस्त र संचालन गरी आएको जग्गा राजगुठी सम्झनु पर्ने हुन्छ। तथापी उक्त राजगुठी जग्गामा गुठीका गुठीयारले ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. ७(ख) कि.नं. ३६ को ५-९-०-० जग्गामा नापीको फिल्डबुक र २ नं. अनुसुचीमा मोही जनिएको आधारमा मोही कायम गरी मोही नामसारी गर्न दावी गरेको देखिन्छ। यसबाट उक्त गुठी जग्गामा रिट निवेदकलाई मोही कायम गरी मोही हक नामसारी गर्न मिल्ने हो वा होईन भन्ने निर्णायक प्रश्नतर्फ विचार गर्नु पूर्व समग्र कानूनी व्यवस्थासमेतको आधारमा यी निवेदकका बाजे दशवीर भाष्कर मोही हुन् वा होइनन्, साविक प्रमाण के कस्ता छन् भनी विचार गरी हेर्नु पर्ने देखियो।

१८. दावीको जग्गाको लगत हेर्दा जग्गाधनी दशवीर भास्कर हरिसिद्दि भवानी गुठी ल्या र जोताहा दशवीर भास्कर हरिसिद्दि समल टोल ल्या जनिएको देखिन्छ। निवेदक गुठीयारका सन्तान रहेको र निवेदकका बाजेले जिवित रहँदासम्म जोतकमोद गरी हरिसिद्धि भवानी गुठीलाई प्रत्येक वर्षको बाली तिरी आएको भन्ने निवेदन दावीलाई प्रत्यर्थी गुठी संस्थान शाखा कार्यालय, ललितपुरसमेतको अन्यथा भनाई देखिंदैन। त्यस्तै निवेदन दावीको जग्गा राजगुठीको भएकोमा निवेदक तथा प्रत्यर्थीको अन्यथा कथन देखिदैंन। गुठी संस्थान ऐन, २०२१ को दफा २(छ) मा

राजगुठीको परिभाषा गरिएको पाइन्छ। जसमा "राजगुठी भन्नाले श्री ५ को सरकार अधिनस्थ वा श्री ५ को सरकारबाट व्यवस्था भएको गुठी सम्झनु पर्छ" भनिएको छ। गुठी संस्थान ऐन, २०२१ को दफा १२ मा "राजगुठीको वन्दोवस्त (१) यो ऐन प्रारम्भ हुँदाको बखत कायम रहेका सबै राजगुठीहरु र त्यस्ता राजगुठीको चल अचल जायजेथाको वन्दोवस्त र संचालन संस्थानले गर्नेछ र त्यस्तो गुठीको सम्बन्धमा श्री ५ को सरकारमा रहेको सबै हक र दायित्वहरु यो ऐन प्रारम्भ भएपछि संस्थानमा सर्नेछ" भन्ने छ। त्यस्तै सोही ऐनको दफा १७ मा "राजगुठीको जग्गा जमिनमा हक प्राप्त नहुने:- अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम संस्थानले वन्दोवस्त वा हेरचाह गरेको कुनै राजगुठीको जग्गा जमिन वा अन्य कुनै सम्पत्तिमा यो ऐन प्रारम्भ हुँदाका वखत कसैलाई कुनै हक प्राप्त भै राखेको भए संस्थाले अन्यथा मञ्जुर गरेमा बाहेक यो ऐन प्रारम्भ भएपछि त्यसको हक समाप्त भै कसैको कुनै किसिमको हक नभए सरह सो सम्पत्तिमा पुन: सो राजगुठीको सम्पूर्ण हक कायम भएको मानिनेछ" भन्ने छ। गुठी संस्थान ऐन, २०२१ जारी भए पश्चात तत्काल श्री ५ को सरकारसँग राजगुठी सम्बन्धमा रहे भएका सबै हक दायित्व गुठी संस्थानमा निहित हुन पुगेको मात्र अवस्था नभै सो ऐनले राजगुठीका जग्गा जमिनमा त्यस अघि व्यक्ति विशेषको कुनै प्रकारको हक रहेको भए त्यस्तो सबै प्रकारको हक समाप्त गरी त्यस्ता राजगुठीको सम्पत्तिमा गुठी संस्थानको पूर्ण कायम हुने व्यवस्था गरेको पाइयो। साथै उक्त ऐनको कानूनी व्यवस्था हेरिएमा गुठियार खान्गीदार स्वत: मोहिमा परिणत हुने व्यवस्था समेत देखिंदैन।

१९. गुठी संस्थान ऐन, २०२९ को दफा २(छ) मा "छुट गुठी' भन्नाले आयस्ताबाट गठीको पूजा, पर्व इत्यादि दानपत्र लिखत बमोजिमको काम चलाई बाँकी रहेको शेषकसर वा सलामी सम्म राजगुठीमा बुझाउने गरी गुठी संस्थान ऐन, २०२१ प्रारम्भ हुनु अगावै सरकारी गूठी लगतमा गुठी दर्ता गराई वा दर्ता गराउन पर्ने गरी गुठीको जग्गाको श्री ५ को सरकारमा बुझाउनु पर्ने मालपोत वा तिरो बुझाउन नपर्ने गराई र गुठीको दाता गुठियारले नै गुठी चलाउन पाउने गरी छुट पाएको गुठीलाई सम्झनु पर्छ।" भन्ने छ। गुठी संस्थान ऐन, २०२९ को दफा १८ मा "छुट गुठीको हक दायित्व संस्थानमा सर्ने:- यो ऐन प्रारम्भ भएपछि सबै छुट गुठी राजगुठीमा परिणत भई त्यस्तो छुट गुठीको चल अचल जायजेथा देवमूर्ति समेत उपर छुट गुठीको भइराखेको सबै अधिकार संस्थानमा सर्नेछ र त्यस्ता गुठीका गुठियार खान्गीदारको सबै हक

अधिकार समाप्त हुनेछ" भन्ने र सोही ऐनको दफा १९ मा "निजी गुठीको हक दायित्व संस्थानले लिन सक्ने: कुनै निजी गुठी गुठीको दाता समेत सबै वा अधिकांश गुठियारहरुले त्यस्तो निजी गुठीको हक दायित्व संस्थानले नै व्यहोर्ने गरी बन्दोवस्त र संचालन संस्थानबाट नै हुन लिखित अनुरोध गरेमा संस्थानले त्यस्तो गुठीको हक दायित्व लिई वन्दोवस्त र संचालन गर्न सक्नेछ। त्यसरी संस्थानले हक दायित्व लिएपछि त्यस्तो निजी गुठी राजगुठीमा परिणत भई त्यस्तो निजी गुठीको चल अचल जायजेथा, देवमूर्ति समेत उपर निजी गुठी वा दाता गुठियारको भै राखेको सबै अधिकार संस्थानमा सर्नेछ र त्यस्तो निजी गुठीका दाता गुठीयार खान्गीदारको सबै हक अधिकार समाप्त हुनेछ" भन्ने छ। त्यस्तै गुठी संस्थान ऐन २०२९ को दफा २(झ) मा "गुठियार' भन्नाले छुट गुठी वा निजी गुठीका दाता वा निजी गुठीका दाता वा दाताका हकवाला, गुठी चलाउन वा गुठिको शेषकसर खान पाउने हक भएका व्यक्ति र त्यस्तो गुठीको सालवसाली दरवन्दीका महन्त र पुजारीलाई सम्झनु पर्छ" भन्ने छ। निवेदकका बाजे दशवीर भास्कर राजगुठीको गुठीयार खान्गीदार रहेको भन्ने प्रत्यर्थी गुठी संस्थानको कथनमा रिट निवेदकले आफुहरु गुठियार खान्गीदार नभै केवल मोही मात्र भएको तथ्य सवुद प्रमाण पेश गरी खुलाउन सकेको पाइदैन।

२०. निवेदकले २०४९।१०।५ मा संशोधन भै लागू भएको गुठी संस्थान ऐन, २०३३ को दफा २७(क) ले खान्गीदारको मोहियानी हक नपाउने कानुनी व्यवस्था गरेको हो। गुठी संस्थान ऐन, २०३३ को दफा २७(क) को संशोधन हुनु पूर्व नै दफा २७ बमोजिम निवेदकको बाजेले मोहियानी हक प्राप्त गरी सकेकोले त्यस्तो मोहियानी हकलाई संशोधित दफाले भूतलक्षित प्रभाव (Retrospective Effect) पारी निस्तेज वा शुन्यमा परिणत गर्ने स्थिति नरहेकोले गुठि संस्थान, शाखा कार्यालय ललितपुरको मिति २०६५।४।८ को निर्णय त्रुटिपूर्ण रहेको भन्ने जिकिर देखिन्छ। प्रथमत: माथी उल्लिखित गुठि संस्थान ऐन, २०२१ को दफा १७ तथा गुठि संस्थान ऐन, २०२९ दफा २६ को प्रतिबन्धात्मक वाक्यॉंश समेतको समग्र व्यवस्थाबाट नै गुठियार खान्गीदारको हक समाप्त भएको देखिन्छ। अर्कोतर्फ उक्त कानूनी व्यवस्थाबाट गुठियार खान्गीदारमा स्वत: मोहिमा परिणत हुने व्यवस्थासमेत देखिदैन।

२१. गुठी संस्थान ऐन, २०२९ को दफा २६ मा देहायको राजगुठी जग्गामा खास जोताहा किसानले प्रचलित कानून बमोजिम मोहियानी हक पाउनेछ:-

(क) जग्गावालाले संस्थानलाई मालपोत बुझाउनु पर्ने गुठी नम्वरी जग्गा।

(ख) संस्थानले जग्गावालाको हैसियतमा श्री ५ को सरकारलाई मालपोत बुझाउनु पर्ने रैकर जग्गा।

(ग) गुठी तैनाथी जग्गा।

तर, (१) यो ऐन वा भूमि सम्बन्धी ऐन, २०२१ वा अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गुठी तैनाथी जग्गामा संस्थानले लिखित मञ्जुरी गरी मोहियानी प्रदान गरेकोमा बाहेक २०३० साल चैत्र मसान्त सम्म त्यस्तो जग्गामा कसैले मोहीयानी प्राप्त गर्न छैन र सो अवधि भित्र संस्थानले आफै खेती, वागवानी वा पशुपालन गर्न चाहेमा प्रचलित कानून बमोजिम मोही पजनी गर्न सक्ने याम समयमा जग्गा सक्नेछ" भन्ने छ।

२२. गुठी संस्थान ऐन २०३३ को दफा २(ङ) मा "छुट गुठी भन्नाले आयस्ताबाट गुठीको पूजा, पर्व इत्यादी दानपत्र लिखत बमोजिमको काम चलाई बाँकी रहेको गुठीको शेष कसर वा सलामीसम्म राजगुठीमा बुझाउने गरी वा गुठी चलाउनले नै शेष खाने गरी गुठी संस्थान ऐन, २०२१ प्रारम्भ हुनु अगावै सरकारी गुठी लगतमा गुठी दर्ता गराई वा दर्ता गराउनु पर्ने गरी त्यस्तो गुठीको जग्गाको नेपाल सरकारमा बुझाउनु पर्ने मालपोत वा तिरो बुझाउनु नपर्ने गराई र गुठीको दर्ता गुठीयारले नै गुठी चलाउन पाउने गरी छुट गुठीलाई सम्झनुपर्दछ" भन्ने व्यवस्था छ। गुठी संस्थान ऐन २०३३ को दफा २(ङ) बमोजिमको छुट गुठी हो भन्ने प्रत्यर्थी गुठी संस्थानको कथनमा निवेदकको अन्यथा भनाई देखिदैंन। गुठी संस्थान ऐन, २०२९ को दफा १८ ले छुट गुठीको हक दायित्व गुठी संस्थानमा सरी सम्पुर्ण छुट गुठी राजगुठीमा परिणत हुने कानूनी व्यवस्था गरेको र हाल बहाल रहेको गुठी संस्थान ऐन २०३३ को दफा १९ मा सबै छुट गुठी राजगुठीमा परिणत भई त्यस्तो छुट गुठीको चल अचल जायजेथा देवमुर्ति समेतउपर छुट गुठीको भई राखेको सबै अधिकार संस्थानमा सर्ने छ र त्यस्ता छुट गुठीका गुठीयार खान्गीदारको सबै अधिकार समाप्त हुनेछ भन्ने कानूनी व्यवस्था रहेको छ। हरिसिद्धि भवानी गुठी, गुठी संस्थान अन्तर्गतको राजगुठी भई गुठी संस्थान ऐन, २०३३ को दफा १६ बमोजिम गुठी संस्थानले बन्दोबस्त र सञ्चालन गरी आएको गुठी रहेकोमा गुठी संस्थान ऐन २०३३ को दफा १९ र दफा २७ को प्रतिबन्धात्मक वाक्याशंको खण्ड (क) बमोजिम उल्लिखित जग्गा मोही कायम हुन नसक्ने प्रकृतिको जग्गा भएकोमा मोही महलमा कुनै व्यक्ति वा गुठीयारको नाम जनिएको आधारमा मात्रै मोही कायम हुने अवस्था देखिन आएन। गुठी संस्थान ऐन, २०३३ को दफा २७ मा गुठी जग्गामा खास जोताहा किसानले प्रचलित कानूनबमोजिम मोही

हक पाउनेछ भन्ने व्यवस्था भए तापनि सोही दफाको प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) मा गुठीको कुनै निश्चित काम गरेबापत जोत भोग गर्न पाउने रकमीले त्यस्तो जग्गामा मोहियानी हक पाउने छैन भनी उल्लेख गरेको पाईन्छ। कुनै जग्गा जोती बाली खान दिएको आधारमा मात्र संस्थानले मोही स्वीकार गरेको प्रमाणको अभावमा बाली खाने व्यक्तिको हैसियत जोताहा मोहीको हुँदैन।

२३. निवेदकले गुठी संस्थान ऐन, २०३३ को दफा २७ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) ले खान्गिदारले मोहीयानी हक नपाउने कानूनी व्यवस्था गरेको तर सो भन्दा अगाडि नै आफ्नो बाजे मोहीको रुपमा स्थापित भएको भन्नेतर्फ विचार गर्दा, गुठी जग्गाका सम्बन्धमा साविकदेखि हालसम्मका ऐनको व्यवस्थालाई समष्टिगत रुपमा हेर्नुपर्ने हुन्छ। **गुठी संस्थान एन, २०२१ को दफा १७ मा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम संस्थानले बन्दोबस्त वा हेरचाह गरेको कुनै राजगुठीको जग्गा जमिन वा अन्य कुनै सम्पतिमा यो ऐन प्रारम्भ हुँदाका बखत कसैलाई कुनै हक प्राप्त भई राखेको भए संस्थानले अन्यथा गर्न मन्जुर गरेकोमा बाहेक यो ऐन प्रारम्भ भएपछि त्यसको हक समाप्त भई कसैको कुनै किसिमको हक नभए सरह सो सम्पत्तिमा पुनः सो राजगठीको सम्पुर्ण हक कायम भएको मानिनेछ** भन्ने व्यवस्था कानूनमा नै रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाअनुसार गुठी संस्थान ऐन, २०२१ लागु हुनुभन्दा अगाडि राजगुठीको जग्गामा कुनै व्यक्तिलाई कुनै किसिमको हक प्राप्त भएको भए पनि त्यस्तो हक स्वतः समाप्त हुन गएको देखिन्छ। त्यसै गरी तत्कालिन भूमि सम्बन्धी ऐन, २०२१ को दफा २५ मा गुठी जग्गामा मोही नलाग्ने कानूनी व्यवस्था गरेकोमा गुठी संस्थान ऐन, २०२९ लागु भएपछि मात्र राजगुठीको जग्गामा मोही लाग्ने व्यवस्था भएको देखिन्छ। उक्त ऐनको दफा २६ को प्रतिबन्धात्मक बाक्यांशको खण्ड (१) मा "**यो ऐन वा भूमिसम्बन्धी एन, २०२१ वा अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गुठी तैनाथी जग्गामा संस्थानले लिखित मन्जुरी गरी मोहीयानी प्रदान गरेकोमा बाहेक २०३० साल चैत्र मसान्तसम्म त्यस्तो जग्गामा कसैले मोहीयानी हक प्राप्त गर्नेछैन र सो अवधिभित्र संस्थानले आफै खेती, बागवानी वा पशुपालन गर्न चाहेमा प्रचलित कानूनबमोजिम मोही पजनी गर्न सक्ने याम समयमा जग्गा झिक्न सक्नेछ**" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यसरी २०३० साल चैत्र मसान्तसम्म राजगुठी वा गुठी अधिनस्थ जग्गामा मोही हक प्राप्त नहुने र मोही हक प्राप्त गर्नका लागी गुठी संस्थानबाट लिखित

मन्जुरी लिएको हुनुपर्ने कानूनी प्राबधान रहेको पाइन्छ। निवेदकबाट उक्त कि.नं. को जग्गा
कमाउनका लागि गुठी संस्थानबाट लिखित मन्जुरी लिएको तथ्य पुष्टि हुने कुनै प्रमाण पेश गरेको
देखिएन। दावी लिनेले कानूनी व्यवस्था अनुसारको प्रमाण पुर्‍याउने दायित्व समेत व्यहोर्नु पर्नेमा
संस्थानले लिखित मञ्जुरीले मोही स्वीकार गरेको तथ्य पुष्टि हुने गरी त्यस्तो मन्जुरीको कागज
प्रमाण पेश गर्न सकेको देखिएन। कुनै खास काम वा परिश्रम गरे वापत पारिश्रमिकको रुपमा
केही जग्गा जोति बाली खान दिएको अवस्थामा त्यसरी बाली खाने व्यक्ति वा गुठियार
खान्गीदारको हैसियत जोताहा मोहीको हुँदैन। मोहीको हैसियत प्राप्त गर्न गुठी संस्थानको लिखित
मञ्जुरी सहित कानून बमोजिमको अन्य प्रक्रियां समेत पुरा गरेको हुनु पर्नेमा प्रस्तुत निवेदन दावीको
सन्दर्भमा त्यसरी कानून बमोजिमको प्रक्रिया पुरा गरेको पुष्ट्याई निवेदकले गर्न सकेको पाइदैन।
गुठी संस्थान ऐन, २०२१ को दफा १७ र गुठी संस्थान ऐन, २०२९ को दफा २६ ले २०३०
साल चैत्र मसान्त अघि राजगुठी जग्गामा गुठी संस्थानको लिखित मञ्जुरी नभै मोहियानी हक
नपाउने, गुठीयार खान्गीदार समेतको सबै अधिकार समाप्त गरेको छ। यसबाट २०३० साल चैत्र
मसान्त अघि लिए दिएको मोहियानी हकको प्रमाण पत्र, जोताहाको अस्थायी निस्सा वा २ नं.
अनुसूची लगत प्रकाशन भएकै भए पनि त्यस्ता लिखत प्रमाण शुन्य प्रभावी (NULL AND VOID)
हुन्छ। शुन्य प्रभावी कुनै पनि लिखत प्रमाणले कानूनी मान्यता पाउन सक्तैन। २०३० साल चैत्र
मसान्तपछि पनि विवादको जग्गाको मोही हक प्राप्त गर्नका लागी निवेदकका तर्फबाट कुनै
कारबाही गरेको, गुठि संस्थानबाट लिखित मञ्जुरी लिएको देखिन नआएकोले विवादको जग्गामा
निवेदकको मोही हक निर्विवादरुपमा स्थापित भएको मान्न मिलेन।

२४. माथी उल्लिखित ऐनमा खान्गी जग्गा वा खान्गीदार सम्बन्धमा छुट्टै परिभाषा गरिएको पाइदैन।
गुठी संस्थान ऐन २०२९ को दफा १५ राजगुठीको वन्दोवस्त र संचालन सम्बन्धी कानूनी
व्यवस्था गरिएको पाइन्छ। सो ऐनको दफा १५(१) हेरिएमा "संस्थानको अमानती राजगुठी,
मठ, मन्दिरको वन्दोवस्त र संचालनका लागि आवश्यकता अनुसार महन्त, पुजारी, व्यवस्थापक र
अरु कामदार कर्मचारीको नियुक्ति गरी दानपत्र लिखत भए सो र परंपरा बमोजिमको पर्व पूजा
इत्यादि गर्नु पर्ने काम अमानतबाट गराउनेछ र गुठीका जिन्सी मौज्दातमा जस्मा गरी खर्च गुठी
कोष र गुठी जिन्सी मौज्दातबाट नै व्यहोरिनेछ" भन्ने र सोहि ऐनको दफा १५(२) मा
"राजगुठीमा परिणत भएका छुट गुठी र निजी गुठीका हकमा संस्थानले त्यस्ता गुठीको दानपत्र

लिखत र परंपरा बमोजिम पर्व पूजा इत्यादि गर्नु पर्ने काम नरोकिने र धर्मलोप नहुने गरी भई रहेको कामदार कर्मचारी र खर्चको दरबन्दीमा बढी अनावश्यक कटाई नयाँ दरबन्दी कायम गरी सो अनुसार आयस्ताले नपुग हुनेमा र आयस्ता केही मात्र बढी हुनेमा संस्थानले उपदफा (१) बमोजिम अमानतबाट वन्दोवस्त संचालन नगरी आफ्नै रेखदेख, नियन्त्रण, निर्देशनमा पाँच पाँच वर्षको अवधि तोकी त्यस्तो गुठीको वन्दोवस्त र संचालन साविकमा चलाई आएको दाता गुठियार, महन्त र पुजारीलाई सुम्पन सक्नेछ। तर त्यसरी सुम्पिएकोमा दरवन्दी बमोजिमको खर्च कटाई बाँकी बचेको आयस्ता संस्थामा बुझाउनु पर्नेछ" भन्ने छ। उपरोक्त कानूनी व्यवस्थाबाट राजगुठीको निश्चित काम गरे बापत गुठिका कामदारले जोति भोग गर्न पाउने देखिन्छ। गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को दफा २६ मा गुठियार, महन्त, पुजारी, रकमी र खान्गीदारको नियुक्त सम्बन्धी व्यवस्था गरेकोमा यो विनियम लागू हुनु अघि नियुक्त भएका गुठियार, महन्त, पुजारी र रकमी यसै विनियम बमोजिम नियुक्त भएको मानिने छ भन्ने छ। गुठी संस्थानले लिखित मञ्जुरीबाट मोही स्वीकार नगरेको भए पनि राजगुठीको निश्चित काम गरे बापत गुठीको जग्गा जोति भोगी गर्न पाउने अर्थात केवल गुठियार खान्गीदारको हैसियतमा जग्गा कमाएकोलाई खान्गी जग्गा मान्नु पर्ने देखियो। गुठियार खान्गीदार सबैको सबै प्रकारको राजगुठीमा रहेको अधिकार गुठी संस्थान ऐन, २०२१ र गुठी संस्थान ऐन, २०२२ बाटै समाप्त भएको तथा निवेदकको बाजे दशवीर भास्करलाई गुठी संस्थानको लिखित मञ्जुरीले मोही स्वीकार गरेको तथ्य पुष्टि हुन नआएको र रकमी गुठियार खान्गीदारको हैसियतमा जग्गा कमाएकोलाई स्वतः मोही मान्न मिल्ने देखिएन। उल्लिखित समग्र कानूनी व्यवस्थाको विवेचनासमेतका आधार हेर्दा गुठी संस्थान, शाखा कार्यालय ललितपुरको मिति २०६५।४।८ को निर्णय गुठी संस्थान ऐन, २०३३ को दफा २७ को प्रतिवन्धात्मक वाक्यॉश (क) कै आधारमा मात्र निर्णय गरी भूतप्रभावी असर (Retrospective Effect) दिएको मान्न मिलेन। अतः निवेदकका बाजे गुठियार खान्गीदार रहेको भन्ने प्रत्यर्थी गुठी संस्थाको जिकिरलाई अन्यथा मान्न मिलेन।

२५. <u>गुठी संस्थान शाखा कार्यालय ललितपुरको मिति २०६५।४।८ को निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवेदन मागबमोजिम मोहियानी हक नामसारी गर्न प्रत्यर्थीहरुका नाउँमा आदेश जारी हुनुपर्ने हो वा होईन?</u> राजगुठी जग्गाको गुठीयार खान्गीदार स्वतः मोही कायम नहुने भनी माथी

विवेचना भै सकेको छ। "गुठी तैनाथी जग्गा गुठी अधिनस्थ जग्गामा, गुठी अधिनस्थ जग्गा गुठी रैतानी नम्बरी जग्गामा वा गुठीको घर वा जग्गा रैकरमा दर्ता हुनबाट जोगाउन जुनसुकै चरणमा पनि हस्तक्षेप गर्न सक्ने संस्थानको अधिकार गुठी संस्थान ऐन, २०३३ को दफा ३९ को उपदफा (१) ले सुनिश्चित गरेको पाइने" भनी यसै अदालत, पूर्ण इजलासबाट सिद्धान्त प्रतिपादन (पुनरावेदक/प्रतिवादी तुलसीमाया महर्जन विरुद्ध पञ्चनारायण महर्जनसमेत मुद्दा दर्ता बदर नि.नं. ९५०४) भएको पाइन्छ।

२६. यस अदालतको संयुक्त इजलासबाट हरिसिद्धि भवानी गुठीको जग्गाको मोही नामसारी सम्बन्धी विषयमा फरक फरक निर्णय भएको देखिएकोले प्रस्तुत विवादमा पनि हरिसिद्धि गुठीको जग्गामा मोही कायम हुन सक्ने हो वा होइन भन्ने विषय समावेश भएको र यस अदालतका संयुक्त इजलासबाट ०६७-CI-१३० र ०६८-CI-१५५१ मुद्दामा मोही कायम हुन सक्ने र नसक्ने भनी फरक फरक निर्णय भएको देखिँदा कानूनको व्याख्यामा एकरुपता कायम गर्नको लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ख) बमोजिम प्रस्तुत रिट निवेदन पूर्ण इजलासमा पेश गर्नु भन्ने यस अदालतको संयुक्त इजलासको आदेशानुसार पूर्ण ईजलाससमक्ष पेश हुन आएको देखियो। गुठियार खान्गी जग्गामा मोही कायम गर्ने र मोही कायम नगर्ने गरी भएमा परस्पर सिद्धान्त दुई पृथक संयुक्त इजलासबाट प्रतिपादन भएकोले यस प्रकार मुद्दाको आदेशहरु एक आपसमा अमिल्दो वा परस्पर बाझिएको देखिदा कुन सिद्धान्त कायम रहने भन्ने सम्बन्धमा विचार गर्नु पर्ने देखियो।

२७. पुनरावेदक/वादी सेमन्तराज चापागाई विरुद्ध कमला महर्जनसमेत मुद्दा फैसला बदर हक कायम मुद्दा नं. ०६७-CI-०१३० फैसला मिति २०७३।११।८ मा सर्वोच्च अदालत संयुक्त इजलासबाट निम्नानुसार व्याख्या भएको पाइन्छ:-

> "गुठीको कुनै निश्चित काम गरे बापत जोती भोग गर्न पाउने रकमीले त्यस्ता जग्गामा मोहीयानी नपाउने भन्ने गुठी संस्थान ऐन, २०३३ को दफा २७(क) को व्यवस्था मिति २०४९।१०।५ मा भएको गुठी संस्थान ऐनको दोश्रो संशोधनबाट थप भएको देखिन्छ। उक्त संशोधित मिति भन्दा अघि नै मोही जनिई विवादित जग्गामा मोहीको लगत कायम नै रहेको तथ्यमा वादी गुठी संस्थानसमेतको विमति रहेको देखिदैन। यस अदालतबाट किशोर प्रसाद विरुद्ध वन्सी राउत अहिर भएको मोही नामसारी मुद्दामा (ने.का.प. २०६० नि.नं. ७१८१) "कुनै पनि ऐनले अघि भोगी वा प्राप्त गरी सकेको सुविधा हक सम्बन्धी काम कुरामा प्रतिकूल असर पार्न सक्तैन। अघिको ऐनबाट

प्राप्त हक र सुविधामा असर पार्नको निमित्त उक्त ऐनमा प्रष्ट रुपमा व्यवस्था गरिएको हुनु पर्छ अर्थात भूतलक्षी रुपमा आएको हुनु पर्छ" भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ। विवादित जग्गामा मोही कायम भईरहेको र सो बदर तर्फ विवाद नपरी मोही लगत कट्टा नभै कायम रहेको स्थितिमा विवादको जग्गा गुठी संस्थान ऐन, २०३३ को दफा २७(क) बमोजिम मोही हुन नसक्ने भन्ने पुनरावेदन जिकिर सँग सहमत हुन सकिएन।"

२८. पुनरावेदक/प्रतिवादी गुठी संस्थान ऐनको नि. प्रशासक हेमन्तराज सुवेदी समेत विरुद्ध प्रत्यर्थी /वादी बाबुकाजी महर्जन भएको मुद्दाः- मोही नामसारी मुद्दा नं. ०६८-CI-१५५१ फैसला मिति २०७४।५।११ मा सर्वोच्च अदालत संयुक्त इजलासबाट निम्नानुसार व्याख्या भएको पाइन्छः-

"खान्गीको रुपमा जोति कमोद गरी आएको उक्त जग्गाको केवल फिल्डबुक तथा श्रेस्ताको मोही महलमा नाम उल्लेख हुदैमा मोही हो भन्न मिल्ने अवस्था नदेखिएको भनी गुठी संस्थानबाट मिति २०६८।१।५ मा भएको निर्णय सदर हुने।"

२९. गुठी जग्गाहरु नेपालमा पूर्वजहरूले धर्म संस्कृतिप्रतिको उद्देश्य आफ्ना आस्था र प्रतिबद्धता दर्साई निःस्वार्थ भावले स्थापना गरेको र यसको जगेर्ना गर्नु वर्तमान पुस्ता तथा भावी सन्ततिको पनि कर्तव्य हो। पर्यटकीय महत्व समेत बोकेका राष्ट्रिय मठ मन्दिर एवम् जात्रा यात्रा पर्व नाच-गान भजन आदि नै नेपालको छुट्टै चिनारी झल्काउने सास्कृतिक धरोहर हुन्। यिनै सम्पदा राष्ट्रको गौरब पनि हुन्। यस्तो सम्पत्ति उपर आफ्नो व्यक्तिगत स्वार्थलाई मात्र हेरी त्यसको गुठीको उद्देश्य, महत्व, उपदेयता एवं हितग्राहीकव हितलाई नहेरी गुठीको कानूनी व्यवस्था बमोजिम मोहीलाई प्राप्त अधिकारमा सम्म सिमित हुनु पर्नेमा आधार कारण बिना कसैको फाइदा उठाउने प्रयत्नलाई स्वीकार गर्न सक्ने हुदैंन। गुठीले धर्म संस्कृतिको जर्गेनामा मात्र होइन, पर्यटन प्रवर्द्धन, पर्यवरण संरक्षणसमेतका समग्र पक्षमा ठूलो योगदान पुर्‍याउँदै आएको छ। दिगो रुपमा धर्म संस्कृतिको जर्गेनाका लागि गुठीको धरोहरहरु आर्थिक सम्पन्नता वा पर्याप्तता समेत हुनुपर्ने हुन्छ। यसले गुठीलाई सुचारु रुपले संचालन गर्नका सहज हुन्छ। यस कारण गुठीका नाममा विभिन्न जग्गा जमिनसमेत रहनु स्वभाविक हो। गुठी संचालनका लागि गुठियारहरुको हैसियतमा गुठीका नाममा रहेका जग्गाहरुको जोतभोग गर्दै आयस्ताले गुठी संचालन गरी आएकोमा गुठी संचालनलाई नै असर पार्ने गरी कानुनी व्यवस्था विपरित गुठीको जग्गालाई व्यक्ति विशेषको नाउँमा नामसारी गर्दा गुठीको उद्देश्य अनुरुप नहुनुको साथै गुठिजन्य साँस्कृतिक एवं पारम्परिक मान्यतालाई जीवन्तता र निरन्तरता राख्न कठिनाई उत्पन्न हुन्छ।

धार्मिक आस्था कायम गर्नु, परम्परालाई निरन्तरता दिनु, हितग्राहीको हित संरक्षण गर्नु समेतको उद्देश्यले गुठी स्थापित भएको हुँदा राजगुठीको सम्पत्तिलाई गुठी संस्थानको लिखित मञ्जुरी बिना मोही हुन नसक्ने कानूनी व्यवस्था रही रहेकोले कसैले जोतभोग गरेकै आधारमा मोहीयानी कायम हुनुपर्दछ भन्ने जिकिरसँग सहमत हुन सकिदैंन। कुनै धर्म परम्परालाई सुचारु रुपले अगाडि बढाउन गुठी स्थापना भई त्यसका गुठियारहरुले सामूहिक रुपमा सामूहिक हितको लागि संचालन गरी पुस्ता पुस्तामा जिम्मेवारी हस्तान्तरण हुँदै आएको देखिन्छ। त्यसैले कुनै परम्परा र आस्था धर्मलाई निरन्तरता गर्नका लागि गुठीका, गुठियारहरुले नै गुठीको निरन्तरता र हेरचाहको निमित्त जिम्मा लगाई आर्थिक संकट उत्पन्न हुन नदिने उद्देश्यले गुठीको नाममा रहेको जग्गा भोगचलन गर्न दिएको आधारमा सो जग्गा उक्त भोगचलन गरी आएको व्यक्तिको नाउँमा नामसारी गरिदिने कार्य गुठीको उद्देश्य विपरित मात्र होइनकि माथी उल्लिखित कानूनी व्यवस्था अनुरुप समेत देखिदैंन। अत: गुठीका नाउँका जग्गाहरु जोतभोग गरेकै आधारमा व्यक्तिको नाममा नामसारी गरिदिदैं जाने हो भने यसले धर्म, संस्कृतिको जर्गेना गर्नमा नै व्यावधान उत्पन्न हुनुको साथै गुठीका नामका जग्गाहरु नै लोप भै गुठीको उद्देश्य, मर्म र हित विपरीत भै गुठीको अस्तित्त्व नै समाप्त हुन्छ। गुठी स्थापनाको उद्देश्य विपरित गुठीका जग्गाहरु कुनै प्रकारले भोग गरेकै आधारमा मोहियानी स्वत: प्राप्त नहुने हुँदा व्यक्ति विशेषको नाउँमा मोही नामसारी नगरिदिएकै कारण व्यक्तिको सम्पत्तिको अधिकार हनन हुन जाने भन्ने दावी तर्किक, युक्तिसंगत, विवेकपूर्ण र कानूनसम्मत मान्न सकिएन।

३०. माथी प्रकरणहरुमा गरिएको कानूनी व्यवस्थाको विवेचनासमेतबाट निवेदकको बाजे दशवीर भास्कर गुठियार खान्गीदार हैसियतको सम्म देखिएको, गुठियार, खान्गीदार स्वत: मोहि हुने कानूनी व्यवस्थाको अभाव रहेको, गुठी संस्थान ऐन, २०२९ आउनु अघि राजगुठिमा मोही हुने कानूनी व्यवस्थाको अभाव रहेको तथा २०३० चैत्र मसान्त पश्चात समेत गुठी संस्थानको लिखित मञ्जुरी बेगर गुठी जग्गामा मोही हुने व्यवस्था नदेखिएकोले फिल्डबुकमा मोही जनिएकै आधारमा मात्र गुठियार खान्गीदारलाई मोही कायम गर्न मिलेन। अत: गुठियार खान्गीदारलाई गुठीको जग्गामा लिखित मञ्जुरी बेगर मोही कायम गरेको सिद्धान्त (पुनरावेदक/वादी सेमन्तराज चापागाई विरुद्ध कमला महर्जनसमेत मुद्दा फैसला बदर हक कायम मुद्दा नं. ०६७-CI-०१३० फैसला मिति २०७३।११।८ मा सर्वोच्च अदालत संयुक्त इजलास) विवेचित कानून व्यवस्था एवं गुठिको

उद्देश्य विपरित देखियो। कानूनी व्यवस्था अनुरुपको, गुठिको जीवन्तता र निरन्तरता कायम गर्ने, गुठीको मर्म र उद्देश्य अनुरुपको नजिर कायम हुने हुँदा गुठीको उद्देश्य र कानूनी व्यवस्था विपरीत गुठी संस्थानको लिखित मञ्जुरी बेगर गुठियार खान्गीदारलाई मोहि कायम गरेको सिद्धान्त कायम नरहने हुँदा उक्त मुद्दा नं. ०६७-CI-०१३० फैसला मिति २०७३।११।८ मा सर्वोच्च अदालत संयुक्त इजलासबाट प्रतिपादित सिद्धान्त आजैका मितिबाट अमान्य (OVERRULED) हुन्छ।

३१. तसर्थ माथी उल्लेखित आधार, कारण एवं कानूनी व्यवस्था समेतका आधारमा विवादित कि.नं ३६ क्षे.फ. ५-९-०-० को जग्गा हरिसिद्दि भवानी गुठीको खान्गी जग्गा देखिएको र खान्गी जग्गामा खान्गीदार मोही कायम हुनसक्ने अवस्था नदेंखिदा निवेदन मागबमोजिम मोही नामसारी गर्न नमिल्ने भनी गुठी संस्थान शाखा कार्यालय, ललितपुरबाट मिति २०६५।४।८ मा भएको निर्णय कानूनसम्मत देखिंदा उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी परमादेश समेत जारी गरिपाउँ भन्ने रिट निवेदन मागदाबी बमोजिम उत्प्रेषण परमादेश जारी हुन सक्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत आदेशको विद्युतीय प्रणालीमा अपलोड गरी रिट निवेदनको दायरीको लगतकट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

(सपना प्रधान मल्ल)
न्यायाधीश

उक्त रायमा हामी सहमत छौं।

(प्रकाशमान सिंह राउत)
न्यायाधीश

(चोलेन्द्र शम्शेर ज.ब.रा)
प्रधान न्यायाधीश

इजलास अधिकृत: हर्क बहादुर क्षेत्री, नम्रता गैरे

इति संवत् २०७८ साल भदौ ३१ गते रोज ५ शुभम् ......................................।